# दोश्रो आवधिक योजना २०१९/०२० - २०२१/०२२ मा हुलाक

## प्रथम पञ्चवर्षीय योजनाको प्रगतिः

हुलाक व्यवस्थाको सुधारमा जोड दिईयो।

## विभिन्न क्षेत्रमा हासिल भएको प्रगति विवरण

| **विषय** | **इकाइ** | **योजना अनुसार लक्ष्य** | **हासिल भएका प्रगति** |
|---|---|---|---|
| हुलाक सहकारी र अतिरिक्त समेत | संख्या | १०० | २९२ |

## दोश्रो योजना अन्तर्गत पुरा हुने अनुमानित लक्ष्यः

| विषय | इकाई | लक्ष्य |
|---|---|---|
| हुलाक (शाखा) | संख्या | २६ |

## दोश्रो योजनाको लक्ष्यः

| विषय | इकाई | पञ्चवर्षीय योजना अगाडि | प्रथम पञ्चवर्षीय योजनाभित्र वृद्धि | २०१८/१९ मा भएको | त्रिवर्षीय योजना अगाडि | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|---|---|---|
| शाखा हुलाक | संख्या | १२४ | ५४ | ४ | १८२ | २६ |

## सञ्चार व्यवस्थाः

नेपालमा हुलाक प्रथा सन् १८७५ मा र टेलिफोन सेवा करिव ३० वर्ष पहिले देखि नै चालु भइसकेको थियो। तर, त्यस बेला उद्योग, व्यापार, शिक्षा आदिमा उन्नति हुन सकेको थिएन। त्यसैले सञ्चार सेवामा पनि राम्रो प्रगति हुन सकेन। तैपनि प्रशासन तथा सुरक्षाको निमित्त जरुरी भएकोले खबर आदान-प्रदान गर्न करीव १०० जति हुलाक र पुर्व-पश्चिम दुवै तर्फ गरी ६०० मिल लामो टेलिफोनको ट्रंक लाईन २९ स्टेशनहरुमा फैलिएको थियो। यसको अलावा हुलाक सेवाको निमित्त चाहिने सुविधाहरु र टेलिफोनको निमित्त चाहिने सम्भारमा पनि कमी हुने हुँदा अत्यन्त जरुरी खबरहरु देशको विभिन्न जिल्लाको मुख्य मुकामहरुसम्म पुऱ्याउन नसकिने अवस्था हुन आएकोले करिब १२ वर्ष अघि आकाशवाणी सेवा पनि प्रारम्भ गरियो र देशका महत्वपूर्ण स्थानहरुमा जम्मा ३० आकाशवाणी केन्द्रको स्थापना भएको थियो।

संवत् २००७ सालको क्रान्तिपछि देश विकासतर्फ सरकार र जनताको ध्यान आकर्षित भयो। तर, भरखर जन्मेको विकासको भावना, संगठन आदिको कमीले गर्दा तुरुन्तै फष्टाउन सकेनन्। तैपनि जन्मिसकेको विकासको भावनाले ६ वर्षपछि २०१३ सालमा साकारता प्राप्त गरेर प्रथम पञ्चवर्षीय योजनाको रुपमा परिणत भयो। त्यस बेलासम्म सञ्चार सेवाको आवश्यकता हुलाकतर्फ २४ शाखा हुलाकहरु खोली जम्मा हुलाकको संखया १२४ पुऱ्याईएको थियो। यस प्रकार प्रथम पञ्चवर्षीय योजना हुनु अघिसम्म प्रत्येक शाखा हुलाकहरुले ४४४ वर्गमिलमा र ६८,५४८ मानिसहरुको औसतमा हुलाक सेवा पुऱ्याउनु परेको थियो।

## पञ्चवर्षीय योजनामा भएको प्रगतिः

प्रथम योजना लागु भएपछि देशको शिक्षा, उद्योगधन्दा, व्यापार, कृषि, वन, खनिज पदार्थको विकास गर्ने लक्ष्य राखिएको थियो र यी सबैको निमित्त सञ्चार सेवा अति आवश्यक भएकोले उक्त ५ वर्षसम्म १०० अरु हुलाकहरु खोल्ने र टेलिफोन तथा आकाशवाणीको पनि व्यवस्था गर्ने लक्ष्य राखियो। साथै सञ्चार व्यवस्थामा सुधार ल्याउन कर्मचारीहरु तालीम गर्न र नेपाली टिकटद्वारा संसारभर चिठ्ठी चलाउने पनि लक्ष्य राखियो। पहिलो केही वर्ष संगठन तथा खर्चको अभावमा केही प्रगति हुन सकेन। तर, विस्तार विस्तार अन्तर्राष्ट्रिय हुलाक संघको सदस्य बनिसकेपछी हुलाक व्यवस्थामा सुधार र हुलाकको संख्यामा वृद्धि गर्नेतर्फ पनि ध्यान आकर्षित भयो र २०१६/१७ र २०१७/१८ मा गरेर शाखा हुलाक ५४, अतिरिक्त हुलाक ३७ तथा सहकारी हुलक १४ खुलेका छन।

डाँक हिड्ने बाटोहरु पनि धेरैजसको पहाडकै बाटो भएर जाने र तराईका एक जिल्लाबाट अर्को जिल्लासम्म डाँक जानपनि पहाडतर्फ लागी फेरि फर्केर र तराईका जिल्लामा आउँदा २ दिनमा पुग्ने स्थानमा ५/७ दिन लाग्ने भई डाँक सेवामा केही असुविधा भई पत्र आदान-प्रदानमा ढिलाई आईरहेको देखिनाले डाँकको बाटोहरु छोट्याउन सानो लाइनहरुको विस्तार गर्नुपर्ने भएकोले प्रथम पञ्चवर्षीय योजना शुरु भएपछि यस्ता २ लाइनहरु विस्तार गरी सकिएको छ। भरतपुर-शेरगञ्ज लाइन विस्तार हुनाले पूर्वी तराई र पश्चिम तराईका धेरैजसो जिल्लाहरुको डाँक जाने बाटो छोटियो र अर्को धनगढीबाट डोटी जाने लाइन विस्तार हुँदा धनगढीबाट नेपालगञ्ज, दहवन, सल्यान, दैलेख, रिडीकोट हुँदै बल्ल १५-१६ दिन लगाई सिलगढी डोटी पुग्ने पत्रहरु सिधै पुग्ने भई समयको निकै बचत हुन आएको छ।

हुलाक सेवामा तीव्रता ल्याउन हवाई सेवा चालु रहेको स्थानहरुमा हवाइ डाँक चलाउन गौचरमा एयर सर्टिङ्ग अफिस पनि खोलिएको छ। हुलाक व्यवस्थाको राम्रो नियन्त्रण गर्न सम्पूर्ण देशलाई ७ अञ्चलमा विभाजित गरी ७ नियन्त्रण अफिसहरु स्थापना भएको छ। देश विदेशमा समेत टिकटहरु विक्रि गरी हुलाकको आम्दानी बढाउने उद्देश्यले फिलाटेलिक ब्यूरोको पनि स्थापना

भएको छ। यस प्रकार पहिलेदेखि नै चालु रहेका र योजना शुरु भएपछि खोलिएका समेत सबै किसिमका जम्मा ४१३ हुलाकहरुले देश भरी फैलीइ सेवा गरिआएका छन्। हरेक हुलाकले औसतमा १३१ वर्गमिल र २२,२५२ जनसंख्यालाई सेवा सुलभ गराउनु परेको छ।

### त्रिवर्षीय योजनाको लक्ष्यः हुलाक विकासतर्फ

प्रथम योजना अवधिमा माथि उल्लेख भए अनुसार प्रशस्त हुलाक खुलिसकेको हुनाले हुलाकको संख्या बढाउने भन्दा हुलाक लाइन सुदृढ पार्न तथा चाहिने सुविधाहरु पुऱ्याउनेतर्फ नै त्रिवर्षीय योजनाको विशेष लक्ष्य रहेको छ जसमा निम्न आयोजनाहरुलाई समावेश गरिएका छन्।

- अञ्चलाधिशहरुको मुख्य मुकाम तथा विकास जिल्लाका मुख्य मुकामहरुमध्ये हुलाक नभएका २५ स्थान र महत्वपूर्ण स्थान १ समेत जम्मा २६ स्थानहरुमा २५ शाखा हुलाकहरु खोलिनेछन।
- डाँक लगिने बाटोद्वारा नजोडिएका र धेरै घुमाउरो बाटो तयार गरी डाँक ढिला गरी आउने भइ समस्या भइरहेको निकट सम्पर्क भएका जिल्लाहरुमा उक्त स्थानहरुलाई जोड्न १५ स्थानमा लाइन विस्तर गरी शीघ्र डाँक आउने जाने प्रबन्ध मिलाईनेछ। हुलाक आदेश, मनि अर्डर, अन्तर्राष्ट्रिय बीमा पार्सल चलाउने व्यवस्था गरिनेछ। यी सेवाहरुलाई सुचारु रुपले चलाउन सेवालई सुदृढ पार्न चाहिने मालसामान पुऱ्याउने र सो मालसामान समयमा उपलब्ध गराउनु एक स्टक डिपो पनि खोल्ने लक्ष्य राखिएको छ।
- हुलाक सेवालाई शुद्ध तथा मजबुत बनाउन तालीम पाएका कर्मचारीहरुको दरकार देखिएकोले हुलाकका कर्मचारीहरुलाई तालीम गर्न काठमाडौंमा एक प्रशिक्षण केन्द्र खोली १४ इन्सपेक्टर इन्सट्रक्टरहरुलाई तालीम गरिने छन् र उक्त इन्सट्रक्टरहरुलाई पनि आफ्नो इलाकामा गई अञ्चल नियन्त्रकको रेखदेखमा इलाकाभित्र कर्मचारीलाई तालीम गर्ने व्यवस्था गर्नेछन्।
- यसको अतिरिक्त काठमाडौंमा जि.पि.ओ. को लागि एक भवन तथा हुलाकहरुको निमित्त चाहिन घरहरु स्टक डिपोको निमित गोदाम समत निर्माण गरिनछन्। हुलाक सेवालाई सुदृढ तथा आफ्नो खुट्टामा उभिन सक्ने तुल्याउन टिकट बिक्रिको आम्दानी बढाउन पर्न देखिएको र फिलाटेलिक ब्यूरोको विकास भएमा देश विदेशमा समेत प्रशस्त टिकट बिक्रि हुन सक्ने भएकोले फिलाटेलिक ब्यूरोको विकास गरिनेछ।